वीरगंज महानगरपालिका
ई-बुलेटिन

वर्ष ०२ ✦ अंक ०८ ✦ २०७९ चैत २० गते सोमबार ✦ नेपाल संवत् ११४३ ✦ Monday April . 03 . 2023 ✦ पृष्ठ :-४

# रामजानकी मन्दिरको जग्गामा विवादै विवाद विवाद सल्टाउन वीरगंज महानगरको प्रयास



***वीरगंज, चैत ।***

धेरै वर्षदेखि नक्कली अंशियारको विवाद झेलिरहेको गीता मन्दिरदेखि पूर्वतर्फको रामजानकी मन्दिरको जग्गा फिर्ता लिन अहिले वीरगंज महानगरपालिकाले प्रयास शुरू गरेको छ ।

गीता मन्दिरको पूर्वतर्फ खाली रहेको जग्गा (हालको तरकारी बजार)लाई केही व्यक्तिले मालपोत तथा नापी शाखाका कर्मचारीहरूलाई प्रभावमा पारेर अंशियार बनेका र अहिले सो जग्गा महानगरले पुनः रामजानकी मन्दिरको नाउँमैं फिर्ता गराउने पहलकदमी शुरू गरेको वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहका निजी सचिव सत्यराज घिमिरेले बताए। २१ कट्ठा जग्गामध्ये यसअघि तीन कट्ठा जग्गा बाल कल्याण समितिको नाममा गइसकेको छ भने डेढ कट्ठा जग्गा अंशियारहरूले आफ्नो नाममा गराएको देखिन्छ। तीन कट्ठा जग्गा तत्कालीन प्रजिअ दोलखबहादुर गुरुङले जिल्ला बाल कल्याण समितिको नाममा दर्ता गराएका थिए । सो बखत उनलाई यसबारेमा अख्तियारले बयान लिएको थियो । तर प्रजिअ गुरुङले सामाजिक कार्य गरेका र कुनै व्यक्तिविशेष वा आफूले जग्गा भोग नगरेका कारण सफाइ पाएका थिए ।

बाँकी जग्गाहरू अहिले खाली छन् र सोही खाली जग्गामा महानगरले केही महीनाअगाडिदेखि खुद्रा तथा थोक तरकारी बजार लगाउन शुरू गरेको छ । रामजानकी मन्दिरको यो जग्गामा दशकौंदेखि पूजापाठ गर्ने र अन्य केही व्यक्तिहरूबीच मुद्दा चल्दै आएको भएपनि यसबीचमा सर्वोच्च अदालतको आदेश विपरीत भूमिसुधार तथा मालपोत कार्यालय, पर्साका कर्मचारीलाई प्रलोभनमा पारेर रामजानकी मन्दिर (निजी गुठी)का संरक्षक तथा गुठियार सुशीलादेवी ब्राह्मणि र धीरनारायण शर्माको नाममा संयुक्त लालपुर्जा बनिसकेको छ। जबकि यो मुद्दामा सर्वोच्च अदालतले अंश नसर्ने निर्णय गरेको छ ।

तर भूमिसुधार तथा मालपोत कार्यालयले जारी गरेको लालपुर्जाको मोहीको महलमा भने सर्वोच्च अदालतको २०५५ पुस २४ गतेको निर्णय अनुसार लेखिएको छ । सर्वोच्च अदालतको निर्णय एकथरी र भूमिसुधार तथा मालपोत कार्यालय, पर्साको मोही महलमा सर्वोच्चको निर्णयका आधारमा निजी गुठीका संरक्षक तथा गुठियारद्वयको तत्कालीन श्रीपुर ग्राम पञ्चायत-९ हाल वीमनपा-९ मा रहेको जग्गाको पुर्जा हेर्दा जग्गाधनी रामजानकी मन्दिर (निजी गुठी)का संरक्षक एवं गुठियार सुशीलादेवी ब्राह्मणि तथा धीरनारायण शर्माको नाउँमा संयुक्त

बाँकी तेश्रो पृष्ठमा

# वीरगंजको अलौमा कुनै विभेद छैन : वडाअध्यक्ष क्षेत्री




***वीरगंज, चैत ।***

वीरगंजको अलौमा सम्पन्न महायज्ञमा दलित समुदायलाई बस्न नदिएको घटना बारे राष्ट्रिय दलित आयोगले चासो देखाएको छ । चैत ८ देखि १६ गतेसम्म चलेको महायज्ञमा दलितलाई समावेश नगराइएको विषयले देशव्यापी रुपमा चर्चा पाएपछि आयोगले चासो देखाएको हो । आइतवार वीरगंज आएका आयोगका सदस्य टुन्ज वराइलीले जिल्लाका सुरक्षा निकायका प्रमुखदेखि अलौका जनप्रतिनिधि एवम् स्थानीयसँग घटनाका बारेमा जानकारी लिएका छन् ।

कुनै पनि सार्वजनिक समारोहमा दलितलाई वञ्चित गराउनु संविधानको उलंघन गर्नु भएको बताउँदै वराइलीले यस घटनाको सत्यतथ्य पत्ता लगाई आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन दबाब सृजनाका लागि वीरगंज आएको बताए ।

उक्त घटनामा सुरक्षा निकायदेखि अन्य सरोकारवालाको भूमिकाका सम्बन्धमा उनले प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मि, सशस्त्र प्रहरी उपरीक्षक सुमन थपलिया, जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक कोमल शाह, राष्ट्रिय अनुसन्धान पर्साका अधिकृत हेमन्त कुवँर लगायतसँग छलफल गरेका छन् । खुलेयाम रुपमा विभेद भएको भनेर अलौका दलित समुदायले जिल्ला प्रशासन कार्यालय पर्सामा ज्ञापन पत्र दिएको बताउँदै प्रमुख जिल्ला अधिकारी रेग्मिले भने, 'संविधानले नै विभेदजन्य

बाँकी तेश्रो पृष्ठमा




# वीरगंज महानगरको 'सफा नेपाल एप' ले सरसफाई प्रभावकारी हुने विश्वास

***वीरगंज, चैत ।***

वीरगंज महानगरपालिकाले नगरको सरसफाइ र स्वच्छता अभियानलाई अझ प्रभावकारी बनाउन सफा नेपाल नामक एप निर्माण गरि शुक्रबारदेखि शुभारम्भ गरेको छ। शुक्रबार साँझ आदर्शनगरमा एक समारोह आयोजना गरेर महानगरपालिकाले सफा नेपाल नामक एपको शुभारम्भ गरेको हो ।

समारोहमा वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंह र उपप्रमुख इम्तियाज आलमले संयुक्त रुपमा एपको औपचारिक रुपमा शुभारम्भ गरेका थिए । द एशिया फाउण्डेशन र क्लीन नेपालको प्राविधिक सहयोगमा वीरगंज महानगरपालिकाले उक्त एप निर्माण गरेको हो ।

वीरगंजलाई सफा, स्वच्छ र सुन्दर बनाउन महानगरले जारी राखेको सरसफाई एवम् स्वच्छता अभियानमा वीरगंजका सम्पूण नगरवासीलाइ जोड्ने उदेश्यले उक्त एप निर्माण गरी शुक्रबारदेखि सञ्चालनमा ल्याइएको प्रमुख प्रशासकिय अधिकृत लक्ष्मी प्रसाद पौडेलले बताए ।

एपमा जोडिने प्रयोगकर्तले कहिँकतै कसैले घर वा पसलको फोहोर सडक, पेटी, नाला वा खाली जग्गामा फालेको भेटिए फोटो खिचेर त्यस बारे एपमार्फत महानगरलाई जानकारी गराउन सक्ने र त्यसको नोटिफिकेशन आए लगत्तै महानगरको टोली तत्कालै कारबाहीका लागि सम्बन्धित ठाँउमा पुग्ने बताइएको छ ।

त्यसरी पुग्ने महानगरको टोलीले पहिलोपटकमा १ हजार, दोश्रो पटकमा ५ हजार रुपैयाँ र त्यसपछि दोहोरिएमा जरीवानाको रकम बढाउँदै कारबाही गर्ने नीति महानगरले लिएको छ। फोहोर गर्ने व्याक्ति वा संस्थाका बारे एप मार्फत सूचना दिने व्याक्तिको परिचय भने महानगरले गोप्य राख्ने र सूचना दिने व्याक्तिलाई असुल हुने जरीवाना रकमको केहि प्रतिशत प्रोत्साहन स्वरूप पुरस्कारका रुपमा प्रदान गर्ने पनि अधिकृत पौडेलले बताए । शहरको सरसफाई र स्वच्छताका लागि महानगरले केहि महिना यतादेखि जारी राखेको अभियानलाई अझ प्रभावकारी बनाउन र उप्रत्येक नगरवासीलाई जोड्नका निमित्त एप शुभारम्भ गरिएको उनले बताए ।

एप शुभारम्भ समारोहलाई सम्बोधन गर्दै महानगर प्रमुख राजेशमान सिंहले वीरगंजको सरसफाई र स्वच्छता आफ्नो मुख्य प्राथमिकतामा रहेको भन्दै शुक्रबार एपमा हरेक नगरवासी जोडिन आग्रह गरे । नगरवासीले सहयोग गरे सरसफाई र स्वच्छताको सवालमा एक वर्षभित्रै आफूले वीरगंजको मुहार

बाँकी तेश्रो पृष्ठमा

# सम्पादकीय



## वीरगंज महानगरको अनुकरणीय काम

वीरगंज महानगरपालिकाले राष्ट्रिय क्रिकेट खेलाडीद्वय आरिफ र आशिफ शेषलाई वीरगंजमा सम्मान गऱ्यो। नागरिक अभिनन्दनसहित सम्मान एवम् प्रोत्साहनस्वरुप महानगरले दुवै दाजुभाईलाई १/१ थान मोटरसाइकल पनि प्रदान गऱ्यो । वीरगंजकै माटोमा जन्मिई हुर्किई वीरगंज महानगरसहित देशकै नाम रोशन गर्न सफल शेष दाजुभाईलाई महानगरले गरेको सम्मान र नागरिक अभिनन्दन सह्रानीय छ । यस कदमको सह्राना चौतर्फी रुपमा भइरहेको पनि छ। राष्ट्रिय सञ्चार माध्यमले पनि यस समाचारलाई प्राथमिकताका साथ राख्दै खेलाडीको प्रोत्साहनले नै खेल क्षेत्रले फड्को मार्ने विश्वास गरेका छन्। यसले महानगर खेल र खेलाडीको क्षेत्रमा गम्भिर छ भन्ने पनि स्पष्ट पारेको छ। हेर्दा सम्मान सामान्य लागेपनि खेल क्षेत्र र खेलाडीको प्रोत्साहनमा भने ठूलो प्रभाव पर्ने गरेको छ ।

खेल क्षेत्रलाई नकारात्मक दृष्टिले हेर्नेहरुको धारणा परिवर्तन गर्नमा पनि यसले महत्वपूर्ण भूमिका निर्वाह गरीरहेको छ। एकताका आफ्ना सन्तानलाई खेलेको देख्दा गाली गर्ने र खेल क्षेत्रबाट टाढा राख्ने अभिभावकहरु पनि अहिले खेल खेल्न अभिप्रेरित गरीरहेका छन् । वीरगंज महानगरले वीरगंजकै खेलाडीलाई प्रोत्साहन गरेसँगै नयाँ पुस्ताका क्रिकेट खेलमा रुची राख्नेहरुले पनि खेललाई अझै सुधार गर्नतर्फ केन्द्रीत भइरहेको पाइन्छ। पछिल्लो समय ठाउँको पहिचानमा खेल क्षेत्रको योगदान पनि महत्वपूर्ण छ । विशेष गरी नेपाललाई अन्तर्राष्ट्रियस्तरमा चर्चा बटुल्न पनि खेलले धेरै भूमिका निर्वाह गरेको कुरालाई नकार्न सकिदैन । वीरगंज महानगरले राष्ट्रिय खेलाडीलाई प्रोत्साहन र सम्मान मात्रै गरेको छैन । महानगरले विद्यालयस्तरबाटै खेल क्षेत्रलाई महत्वका साथ लिएको छ । महानगर प्रमुखमा राजेशमान सिंह निर्वाचित भएयता मात्रै महानगरमै थुप्रै आन्तरीकदेखि राष्ट्रिय प्रतियोगिताहरुमा महानगरको सहभागिता भइसकेको छ ।

साथै विद्यालयमा पनि अतिरिक्त क्रियाकलालाई जोड दिँदै महानगरले आवश्यक बजेटसमेत उपलब्ध गराउँदै आएको छ। वीरगंज महानगरले गरेको यो सम्मान र प्रोत्साहन अरु स्थानीय तहले पनि अनुकरण गर्न आवश्यक छ। राम्रो कुराका अनुकरण गर्नुलाई पनि राम्रै मानिन्छ । यसर्थ यस्ता किसिमका कार्यहरुको अनुकरण अरु स्थानीय तहले पनि गर्न सकेमा खेल क्षेत्रको सुधार हुने विश्वास गर्न सकिन्छ भने हरेक ठाउँमा उत्कृष्ट खेलाडी उत्पादन हुनेछन् भने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलहरुमा पनि नेपालले राम्रै उपलब्धी हाँसिल गर्नेमा दुई मत देखिँदैन । तसर्थ यसतर्फ सबै स्थानीय तहले ध्यान दिन आवश्यक छ ।

# सत्ताकै जोडघटाउमा राष्ट्रिय राजनीति




***वीरगंज, चैत ।***

निर्वाचन सम्पन्न भई नयाँ सरकार बनेको चार महिना बित्यो। तर, राजनीतिक स्थिरता आउन सकेको छैन । अस्थिरताका कारण कुनै दलविशेष र क्षेत्रभन्दा पनि समग्र देशलाई नै बेफाइदा भइरहेको छ । राष्ट्रिय राजनीति सत्ताकै जोडघटाउमा अल्झिएको छ । राजनीतिक दल र त्यसका नेतृत्वले दलगत, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर काम गर्न सक्नुपर्छ । तर, अहिलेको गतिविधि दल र नेतृत्व देशप्रति इमानदार र जिम्मेवार भएको देखिँदैन। चुनाव जितेकाहरू आफ्नै दलप्रति पनि बफादार देखिएका छैनन्। हरेक दलमा मन्त्री बन्ने होडबाजी चलेको छ । मै प्रधानमन्त्री वा मन्त्री बन्नुपर्छ भन्ने सोच नेताहरूमा हाबी छ । अर्को कुरा दलहरूबीच विश्वासको खडेरी छ। सत्ताका लागि एकले अर्कालाई पछार्ने क्रम चल्दै आएको छ। यी सब कारणले नै राजनीतिक अस्थिरता भएको हो। जबसम्म दलका नेतृत्वले व्यक्तिगत स्वार्थ त्याग्दैनन् तबसम्म यो अस्थिरता रहिरहन्छ।

मुख्य दलहरूप्रति जनतामा देखिएको वितृष्णाका कारण निर्वाचनबाट केही नयाँ शक्ति उदाए। तर, तिनका नेतृत्वको सत्तालिप्साले उनीहरू पनि जनतामा उदांगो भइसकेका छन्।

जनताले उनीहरूप्रति जुन आशा र भरोसा देखाएका थिए त्यसमा सत्तालिप्साले उनीहरू पनि खरो रूपमा उत्रिने देखिँदैन। प्रमुख दलले पनि आफूलाई सच्याउन खोजेको देखिँदैन । जबकि चुनावी नतिजा जुन किसिमको आयो त्यसको कदर गरेर आफूलाई सच्याउनुपर्थ्यो। देशको विषयमा सोच्ने नेता नै कोही भएनन् । सकेसम्म आफ्ना लागि नभए, आफ्नो दलका लागि मात्रै सोच्ने नेता भएका कारण यो विडम्बनापूर्ण अवस्थामा राजनीति र देश अल्झिएको हो। नेताहरू सुनि छाँट देखिँदैन। अस्थिर राजनीतिकै कारण वीरगंज महानगरको विकासदेखि लिएर सम्पूर्ण क्षेत्रमा काम गर्न अप्ठ्यारो भइरहेको छ। किनभने गत आर्थिक वर्ष हामीले संघीय सरकारबाट वित्तीय समानीकरणतर्फ ४८ करोड बजेट पाएका थियौं । तर, अस्थिरताकै कारण होला यो वर्ष १२ करोड कम अर्थात् ३६ करोड मात्रै पाएका छौं। यीलगायत वीरगंज मात्र नभई देशभरकै स्थानीय तहलाई काम गर्न गाह्रो भइरहेको छ। स्थानीय तहबाट पुगेका विकास निर्माणलगायत फाइलको प्रक्रिया अगाडि बढाउन मन्त्रालयका कर्मचारीहरुले आनाकानी गर्दै आएको मेरो तितो अनुभव छ। यद्यपि, दलहरूबीच सत्ताको नयाँ समीकरण बनिसकेको छ । अब देशको राजनीतिले नयाँ कोर्ष लिन्छ होला। मुलुकले राजनीतिक निकास पाउँछ होला। अब दलहरूले सत्ताकै लागि राजनीतिक कुस्ती खेल्दैनन् भन्ने अपेक्षा छ।

राष्ट्रिय राजनीतिले स्थिरता लिएर सरकारले आफ्नो लय समातेपछि वीरगंज महानगरपालिकालाई पनि त्यसले काम गर्न धेरै सहज हुनेछ । मन्त्रालयमा अड्किएका फाइल अगाडि बढ्नेछन् । जसले गर्दा महानगरले पनि कामको रफ्तारलाई अझ तीव्रता दिन पाउनेछ । महानगरको नेतृत्व सम्हालेको १० महिना अवधिमा मैले कुन(कुन काम गरेँ त्यो आफैं भन्न चाहन्न । वीरगंजवासी र विभिन्न कामका सिलसिलामा यहाँ पटक(पटक आउनेले परिवर्तनको अनुभूति र कामको मूल्यांकन गरिरहेका छन्। मैले मुख्यत: वीरगंज शहरको सौन्दर्यकरण, शिक्षा र स्वास्थ्य। यी तीन क्षेत्रलाई प्राथमिकता दिएर काम गरीरहेको छु। शहरको सरसफाइ, बजार र ट्राफिक व्यवस्थापनका क्षेत्रमा मेरो ध्यान केन्द्रित छ। यसका साथै वर्षौंदेखि अतिक्रमित सार्वजनिक जग्गा र सम्पदाको खोजी गर्दै महानगरको अधिनमा फर्काउने काम जोडतोडका साथ चलिरहेको छ । महानगरपालिका कार्यालयलाई व्यवस्थित गरी सेवाग्राहीले सहज ढंगले सेवा लिन सक्ने वातावरण बनेको छ। सामुदायिक विद्यालयको भौतिक र शैक्षिक गुणस्तर सुधारमा धेरै काम भएका छन् । महानगरमातहत रहेका स्वास्थ्य संस्थाको सेवालाई अझ व्यवस्थित र प्रभावकारी बनाएका छौं ।

घण्टाघर चोकस्थित उद्यानको जग्गा, भिस्वाडाँडा र पिपराको नृसिंह मठमा आकर्षक पार्क बनाउने गुरुयोजना तयार पारी त्यसको प्रक्रिया महानगरले अगाडि

***बाँकी तेश्रो पृष्ठमा***

# ऐतिहासिक कथालाई पर्दामा ल्याउन किन मुस्किल ?

***-भेषराज कार्की***
***काठमाडौँ, चैत ।***

चैतको पहिलो साता काठमाडौँमा सम्पन्न नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा भएको विभिन्न छलफलमा चलचित्रकर्मीले चलचित्र प्रदर्शनीबाट देशको संस्कृति, भाषा र साहित्यसँगै पर्यटन क्षेत्र पनि प्रवर्द्धन भइरहेको निष्कर्ष निकालेका थिए। दर्शकलाई सजिलै पात्र र कथावस्तुको वातावरणसँग जोड्न सक्नु निर्देशकको खुबी हो । पात्रसँग दर्शक ‘कनेक्ट’ भएपछि त्यसको प्रभाव बाहिर पनि पर्छ। अभिनेता वा अभिनेत्री विविध पहिरन लगाउने, खानेकुरा खाने र समाजमा आफ्नो विचार प्रस्तुत गर्ने काम पनि चलचित्रमा हुने भएकाले यसलाई समयको दस्तावेजको रूपमा समेत बुझ्ने गरिन्छ ।

अहिले निर्माण भइरहेका चलचित्रमा परिस्थितिसँगै वेशभूषा र त्यो समयको पनि चित्रण गरिएको हुन्छ । विदेशमा विगतमा भएका घटनाक्रमलाई लिएर चलचित्र निर्माण गर्ने प्रचलन बढ्दो छ। कुनै समय वा घटनालाई लिएर बनाइने चलचित्र त्यो समयलाई अहिलेको पुस्तासम्म पुऱ्याउनाका साथै इतिहासका लागि दस्ताबेजको कामसमेत गर्छ तर नेपालमा भने त्यस्ता कथामा कमै चलचित्र बन्ने गरेका छन्। सीमित बनेका चलचित्रले दर्शकको साथ पाउँदैन । यसैवर्ष प्रदर्शन भएको चलचित्र ‘नालापानी’ समीक्षात्मक र व्यावसायिक दुवै रूपको भएन। सन् १८१४ मा देहरादुनस्थित नालापानी गढीमा भएको अङ्ग्रेज-नेपाल युद्धमा नेपाली फौजका तर्फबाट कप्तानी गरेका वीर बलभद्र कुँवरको ऐतिहासिक लडाइँलाई आधार बनाएर ‘नालापानी’ निर्माण गर्न झन्डै नौ वर्ष लागेको निर्माता तथा निर्देशक रिमेश अधिकारीले जानकारी दिनुभयो । “हामीकहाँ ऐतिहासिक विषयवस्तुमा बनेको चलचित्रलाई प्रोत्साहन वा प्रवर्द्धन गर्ने नीति नै छैन। हाम्रो कथा देखाउभन्दा कसैको साथ नपाउँदा लगानीसमेत सुरक्षित हुदैनन्”, निर्देशक अधिकारीले भन्नुभयो,“चलचित्रको विकासका लागि विभिन्न संस्था खुले पनि निर्मातालाई प्रोत्साहन गरिदिने र सहज महसुस गराउने कुनै निकाय छैन।” उहाँ झैं निर्माता तथा निर्देशक मिलन चाम्स पनि नेपाली कथा वस्तुलाई विश्वभर पुऱ्याउने उद्देश्यले ‘गोर्खा वारियर’ तयार गर्दै हुनहुन्छ । आफैं पूर्वगोर्खा सैनिक भएकाले उहाँ दश वर्ष अगाडिदेखि नै गोर्खालीको वीरताको कथालाई पर्दामा उतार्ने प्रयासमा हुनुहुन्थ्यो । “चलचित्रको छायाङ्कनमै तीन वर्षभन्दा बढी समय खर्चिसकेँ । यसको प्राविधिक कार्यका लागि नेपालदेखि भारतसम्मका प्राविधिको प्रयोग गरेको छु”, निर्देशक चाम्सले भन्नुभयो ।” उहाँले गोर्खालीको वीरताको कथा देखाउने विषय भने मलाया युद्धलाई रोज्नुभयो। किनकि गोर्खाली जङ्गल युद्धमा विश्वमै उच्च मानिन्छन् । त्यही कारण निर्देशक चाम्सले चार वर्ष अगाडि कथा तयार गर्नुभएको थियो ।

भूतपूर्व गोर्खालीसँगै अहिले सेवामा रहेकासम्मलाई भेटेर मलाया युद्धको बारेमा बुझी कथा तयार गरेपछि चलचित्रमा त्यो समयलाई पर्दामा देखाउन भने निकै सकस भयो। चाहिएको प्रविधि थिएन । चलचित्र भनेपछि सङ्ग्रहालयमा भएका पुराना सामान पाउनसमेत नसकेको उहाँले सुनाउनुभयो । “आजभन्दा ८० वर्ष अगाडिको समय देखाउनुपर्ने भएकोले बेलायत र भारतबाट केही सामग्री पाए पनि त्यो पर्याप्त थिएन । मलाई समान जुटाउन नै एकवर्ष लाग्यो“, निर्देशक चाम्सले भन्नुभयो, “उहाँले पहिलो र दोस्रो विश्वयुद्ध लडेको र वीरतामा अगाडि आउने गोर्खालीको कथा विश्वभर पुऱ्याउने उद्देश्यले चलचित्र निर्माणसँगै निर्देशन गरेको बताउनुभयो ।” मलाया युद्धलाई चलचित्रको विषयवस्तु बनाउनाको कारण नै जङ्गलयुद्ध थियो । किनकी त्यसलाई देखाउन धेरै खर्च पर्दैन । यसको छायाङ्कन अठार दिन मलेसिया र पचास दिन सिन्धुलीमा गरिएको थियो । “आफैं गोर्खाली सैनिक थिएँ । नेपालीको वीरताको कथा देखाउँन कुनै सम्झौता गर्न सकिन । किनकी हामीलाई विदेशमा गोर्खाली भनी गर्ने इज्जत निकै माथि छ”, निर्देशक चाम्सले भन्नुभयो । देशले गर्व

***बाँकी तेश्रो पृष्ठमा***

“ करमा प्राप्त छुटको फाईदा उठाई समयमै कर तिरौं, जरिवानाबाट बचौं” “बीरगंजनगरलाई समृद्ध बनाऔं”

## सत्ताकै.................

बढाएको छ । मेनरोड विस्तारको मुद्दा भने अदालतमा विचाराधीन छ । म मेनरोड विस्तार हुनुपर्छ भन्ने मान्यतामा छु । अदालतबाट जे फैसला आउँछ त्यसअनुसार महानगर अघि बढ्नेछ । अन्नपूर्णपोष्ट दैनिकबाट साभार

## ऐतिहासिक............

गर्नसक्ने कथालाई पर्दासम्म ल्याउने क्रममा नीतिगतसँगै संस्थागत सहयोगको आवश्यकता उहाँले समेत महसुस गर्नुभयो । निर्देशक अधिकारीले नेपालमा चलचित्रकर्मीको लगानीले त्यस्ता कथालाई पर्दासम्म ल्याउन जटिल भएको आफ्नो अनुभव सुनाउनुभयो । "व्यासायिक चलचित्रमा लगानी गर्ने त पाइन्छ तर हामीलाई गाह्रो छ। व्यावसायिक सफलताले अन्यलाई लगानी कदापी प्रोत्साहित गर्दैन। त्यसैले यस विषयमा सम्बन्धित सङ्घ संस्थासँगै राज्यले समेत सोच्नुपर्छ", उहाँले भन्नुभयो।

निर्देशक चाम्सलेसमेत चलचित्र 'गोर्खा वारियर' मा सामान्य चलचित्रभन्दा बढी लगानी भइसकेको बताउनुभयो। "म आफैं निर्माता समेत हुँ। विदेशमा यस्ता विषय पाउन मुस्किल छ तर हामीकहाँ व्यावसायिक जोखिमीले गर्दा लगानीकर्ता नै हुदैनन्। हामी आफ्नै ईच्छाशक्तिले निर्माण गरिरहेका छौँ", निर्देशक चाम्सले भन्नुभयो। उहाँले उक्त चलचित्र विदेशमा प्रदर्शनसँगै नेपालमा समेत आउँदो वर्ष प्रदर्शन हुने जानकारी दिनुभयो।

निर्देशक तथा समीक्षक प्रकाश सायमीले ऐतिहासिक घटनाक्रमलाई आधार बनाएर तयार गरिएका चलचित्रप्रति दर्शकको विश्वास बढाउनस्क्नुपर्नेमा जोड दिनुभयो।"त्यस्ता चलचित्र बन्नुपर्छ। हामीले प्रोत्साहन पनि गर्नुपर्छ तर दर्शक विश्वस्त भएको पाइदैन", उहाँले भन्नुभयो। तत्कालीन गोर्खाका राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरणका क्रममा कीर्तिपुरमा गर्नुभएको आक्रमणलाई लिएर बनाइएको चलचित्र 'कीर्तिपुर: ए लिजेन्ट अफ कीर्तिलक्ष्मी' का वितरक करण श्रेष्ठले व्यावसायिक रूपमानै यस्ता चलचित्र तयार गरिनुपर्नेमा जोड दिनुभयो।

"ऐतिहासिक घटनाक्रम समेटिएको पछिल्लो केही चलचित्रमा स्थापित अनुहार भने देखिएन। त्यसको असर व्यापारमा परेको हुनसक्छ। दर्शकलाई परिचित अनुहारमा बढी विश्वास नभएको पनि हुनसक्छ", वितरक श्रेष्ठले भन्नुभयो,"कलात्मकरूपमा अब्बल रहदै बन्ने त्यस्ता चलचित्रलाई व्यावसायिक रूपमा तयार गर्नु नै चुनौती रहेको छ।" पछिल्लो समय नेपालमा कृति र ऐतिहासिक घटनाक्रमबाट चलचित्र बन्नेक्रम विस्तारै बढे पनि सफलता भने न्यून सङ्ख्याले मात्र पाउने गरेका छन्।

## रामजानकी..........

लालपुर्जा बनेको देखिन्छ । लालपुर्जामा मोहीको नाम, थर महलमा सर्वोच्च अदालतले २०५५ पुस २४ गतेको निर्णय अनुसार लेखिएको विषय कर्मचारीहरूको मिलेमतोमा भएको हुँदा तात्कालिक अवस्थाको यो पुर्जा अहिले खोजीको विषय बनेको छ ।

२०५५ पुस २४ गतेको सर्वोच्च अदालतको निर्णय अनुसार पुजारी भनिएका व्यक्तिको मृत्युपछि पुजारीको हक पत्नीमा नसर्ने उल्लेख गरेको छ। तत्कालीन प्रधानन्यायाधीश मोहनप्रसाद शर्मा, न्यायाधीश भैरव लम्सालको संयुक्त इजलासले सो निर्णय गरे पनि मालपोतको पुर्जामा आदेशविपरीत कार्य भएको देखिन्छ

***स्थानीय जानकारहरूको भनाइ***

विसं १९९० अगाडि वीरगंजका विभिन्न स्थानमा छाप्राहरूमा मठमन्दिर, मस्जिद र खाली जग्गा थिए । वीरगंजको विकास शुरू भएसँगै धर्म संरक्षण गर्ने क्रम बढ्यो र मन्दिर, मस्जिदहरूलाई व्यवस्थित पार्ने काम शुरू भएको स्थानीयहरू बताउँछन् ।

त्यतिखेर पढेलेखेका, समाजका अगुवा, टाठाबाठाहरूमा ब्राह्मण समुदायको बाहुल्यता थियो । मन्दिरको धनसम्पत्ति, आयआर्जनका कुरामा पनि त्यतिखेर खासै कसैको चासो थिएन । मन्दिरको विकाससँगै मन्दिरका पुजारीको मृत्युपछि आधिकारिकताको विषयलाई लिएर विवाद हुन शुरू भएको स्थानीयहरू बताउँछन् । त्यस बेला मानिसहरू कमाउनुभन्दा बढी धर्मकर्ममा जुट्थे । तर पुजारीहरू आफैमा विवाद गर्दै आधिकारिताको विषयलाई पहिलोपटक २०१६ वैशाख १ गते अदालतमा पुगेका थिए । अनिमात्र मन्दिरको विषयमा अदालतले निर्णय गरेको देखिन्छ । सोही वर्षदेखि अहिलेसम्म रामजानकी मन्दिरको जग्गा विवादित रहँदै आएको र अहिलेसम्म विवादित नै रहेकोले त्यहाँ कुनै संरचना निर्माण हुन सकेको छैन र खाली छ ।

***अख्तियार के भन्छ ?***

रामजानकी मन्दिरको पुजारी बताउने हीरादेवी ब्राह्मणि, सुशीलादेवी ब्राह्मणि, हीरादेवी ब्राह्मणिका धर्मपुत्र तथा सुशीलादेवी ब्राह्मणिका छोरा धीरनारायण शर्मा रहेको तथा सर्वोच्चको फैसला अनुसार पतिको मृत्युपछि पुजारीको हक पत्नीमा नसर्ने तथा हीरादेवी ब्राह्मणिलाई पुजारी कायम गर्न नसक्ने निर्णय गरेको छ । तर सर्वोच्चको फैसलाविपरीत मेन्टेनेन्स नापी शाखाका कर्मचारीहरूले फिल्डबुकमा हीरादेवी तथा सुशीलादेवी लेखेकाले सो किर्तेमा संलग्न नापी, मालपोतका कर्मचारीसमेत सरोकारवालाहरूलाई कारबाही गर्न अख्तियारले सिफारिश गरेको छ ।

## वीरगंजको............

गतिविधि गर्न वर्जित गरेको अवस्थामा स्थानीयले गर्न हुँदैन भनेर हामीले कानुनी आधार देखाउनुका साथै पटक पटक छलफल गरेर सहमती गराउने प्रयास गर्यौं । महायज्ञ हुनुभन्दा अघिल्लो दिन उहाँहरु आफै मिलेको भन्दै हामीलाई नै यज्ञमा बोलाउन निम्तो दिन आउनुभयो । हामीले केही गर्नै परेन ।' आयोगका सदस्य वराइलीले आगामी दिनमा पनि जातकै आधारमा हुने विभेदजन्य घटनामा सहमती नगराई कानुनी प्रक्रियाका आधारमा कारवाही गर्न सुरक्षा निकायलाई निर्देशन दिएका छन् ।

वराइलीले आइतवार नै वीरगंज महानगरपालिका वडा नम्बर १७ अलौमै पुगेर त्याहाँका वडाध्यक्ष सञ्जिव बहादुर क्षेत्री र स्थानीय दलित समुदायसँग पनि छलफल गरेका छन् । महायज्ञमा भएको यथार्थबारे जानकारी लिँदै वराइलीले समाजको परम्परागत संस्कारभन्दा पनि कानुनको पालना गर्न आग्रह गरे । साथै वराइलीले वडा कार्यालयबाट हरेक आर्थिक वर्षमा दलित समुदायकै लागि भनेर निश्चित बजेट विनियोजन गर्न पनि वडाअध्यक्ष क्षेत्रीलाई अनुरोध गरेका छन् । जसमा क्षेत्रीले सकारात्मक संकेत दिँदै आफ्नो वडाका हरेक गतिविधिमा दलित समुदाय प्राथमिकतामा रहेको बताए । संविधानलाई नै टेकेर आफु वडाअध्यक्षमा निर्वाचित भएको हुँदा कानुनको अवज्ञा गर्न नसक्ने वडाअध्यक्ष क्षेत्रीको भनाइ छ । उनकाअनुसार उक्त वडामा जातकै आधारमा कुनै पनि किसिमको विभेद छैन । समयक्रमसँगै सबै परिवर्तन हुने बताउँदै वडाध्यक्ष क्षेत्रीले भने, 'पहिला पहिला छोएको खाने समेत चलन थिएन, अहिले सबै सँगै बसेर खाने मात्रै हैन, महायज्ञमा पनि ८ दिनसम्म दलित समुदायले नै भण्डारा चलाएर सबै भक्तजनदेखि दर्शालुहरुलाई बिहान बेलुकाको खानाको समेत व्यवस्था गरे। त्यसैले एकैपटक असहज भएपनि विस्तारै सबै सुधार हुन्छ ।'

स्थानीय दलित अगुवा खुबलाल महरा भन्छन्, 'जलयात्रा, कलश यात्रा देखि हवनसम्म पनि हामी सहभागी भयौं, मात्रै बेदी ( यज्ञस्थल) मा बस्न पाएनौं । तर अर्को वर्षदेखि हुने महायज्ञमा त्यसमा पनि बस्न पाउने गरी सहमती भएको छ ।' ८ दिनसम्म चलेको महायज्ञमा दैनिक बिहान र बेलुका गरी कम्तिमा ५ सय जनासम्मको खानाको व्यवस्था दलित समुदायले नै गरेको महराले बताए । अर्को वर्षदेखि हुने हरेक सामाजिक एवम् धार्मिक कार्यहरुमा दलित समुदायको पनि समान सहभागीता हुनेमा उनी विश्वस्त छन्। सो अवसरमा राष्ट्रिय खेलकुद परिषद्का कार्यकारिणी सदस्य एवम् दलित अगुवा मानदेव हजरा, दलित अभियानता मेघराज पासवान लगायत उपस्थित थिए ।

## वीरगंज महानगरको...

परिवर्तन गरिदिने दावीसमेत गरे । उनले केहि महिना यता महानगरले शहरका मेनरोडमा थालेको सरसफाई अभियान अब भित्री टोल र गल्लीहरुमा पनि सञ्चालन गरिने जानकारी पनि दिए । महानगरका सबै वडाका वडाध्यक्षहरुलाई पनि जनतका समस्या र आवश्यकता प्रति सचेत गराउँदै मेयर सिंहले भने, 'वीरगंजलाई बनाउने दायित्व हामीसबैको हो, त्यस कारण तपाईहरु थप मेहनत गर्नुहोस, जनताको कामलाई प्राथमिकतामा राख्नुहोस्।' महानगरको नेतृत्व आफूले सम्भालेको १० महिनामै वीरगंजवासीले परिवर्तनको अनुभूती गर्न थालिसकेको बताउँदै उनले भने, 'म अरु जस्तो ५ वर्ष कुर्ने अवस्थामा छैन, ३ वर्ष मै हरेक दृष्टिकोणबाट वीरगंजको मुहार फेर्न लागेको छु। यसमा सबैको साथ र सहयोग आवश्यक छ ।' वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद पौडेलको अध्यक्षतामा भएको उक्त समारोहमा विभिन्न वडाका वडा अध्यक्ष, कार्यपालिका सदस्यलगायतको सहभागिता थियो ।

## ड्राइपोर्टमा...........

र अन्य वडाहरुमा पनि सार्वजनिक तथा ऐलानी जग्गा खोजी कार्य अघि बढाइरहेको छ। हरेक वडामा रहेका सार्वजनिक जग्गा तथा सम्पत्तिको अभिलेखिकरण गरेर राख्न र आवश्यकता अनुसार प्रयोग गर्न महानगरले यस्तो खोजी अभियान अघि बढाएको महानगरप्रमुख सिंहले बताए। महानगरप्रमुखको निर्देशनमा अतिक्रमण मुक्त गराउन भौतिक पूर्वाधार अतिक्रमण खाली गर्ने समितिका संयोजक प्रदीप चौरसिया, प्रशासन प्रमुख राजकृष्ण ताम्राकार, नगर प्रहरी प्रमुख हरि भुषाल, प्रमुखको सचिवालयका हरि पोखरेल, प्रेस सल्लाहकार महेस दास लगायत नगरप्रहरी सहितको टोली पुगेको थियो ।

## सिर्सिया नदीलाई.......

उद्योगका फोहोर र रसायनयुक्त पानी सिधै नदिमा फाल्ने क्रम नरोकिएपछि पाँच उद्योगलाई जनही ३/३ लाख रुपैयाँको दरले जरिवाना गरिएको महानगर प्रमुख राजेशमान सिंहले बताए । उनले भने, 'सिर्सिया नदि वीरगंज शहरकै लाइफलाइन हो । त्यसका कारण यो नदिलाई प्रदूषित बनाउने जोसुकै होस् उसविरुद्ध महानगरले कारबाही गर्छ, नदिलाई प्रदूषणमुक्त बनाउने अभियान अब रोकिँदैन ।' उनले अनुगमन जारी रहने र नदिलाई प्रदूषित बनाउने अन्य उद्योग र निकायलाई पनि यस्तै प्रकारको कारवाही गरिने पनि बताए । बाराको सीमरा भन्दा पश्चिममा पर्ने रामवनस्थित वनबाट बग्न शुरु गरेको सिर्सिया नदी पर्साको वीरगंज शहर हुँदै भारतको रक्सौलसम्म पुगेको छ ।

औद्योगिक कोरिडोरमा रहेका छाला, डिस्टिलरी, टेक्सटायल, घ्यू, साबुनलगायतका उद्योगबाट निस्कने रसायनयुक्त पानीसँगै जीवजन्तुका सडेगलेका छाला, रौं, खरानी, लेदो लगायतका विकारहरू नदीमा मिसिइँदा दुर्गन्धित बनेको हो । नदीको प्रदूषणले बाराको सिमरा, बकुलिया, लोहसन्डा, रमौली, सगरदीना, रामपुर टोकनी, छातापिपरा, नितनपुर, गम्हरगाँवा, बेहरा, बलुवा, पर्साको सिर्सिया, ताजपुर, भलुही, रामगढवा, परवानीपुर र वीरगंज महानगरपालिकाको रामवन, रामगढवा, विन्दवासिनी, रानीघाट, अशोकवाटिका, छपकैया सहित करिब एक दर्जन बढी गाउँ र टोलका बासिन्दा प्रभावित हुँदै आएका छन् । सिर्सिया नदीको प्रदूषित पानीका कारण नदी छेउका बासिन्दा तथा पशु चौपायामा समेत रोगको संक्रमण देखिने गरेको नदि स्थानीय बताउँछन् ।

सिर्सिया नदी आसपासका स्थानीयले प्रदूषण रोक्न माग गर्दै घेराउ गरेपछि २०६७ सालमा जिल्ला प्रशासन कार्यालयले सिर्सिया नदी अनुगमन समिति गठन गरेको थियो । उक्त समितिले नदीको स्थलगत अनुगमन गरी तयार पारेको प्रतिवेदनमा प्रदूषणको कारक उद्योगहरु नै रहेको उल्लेख थियो । प्रतिवेदनमा नदी प्रदूषण गर्ने र अविलम्ब कारबाही गर्नुपर्ने उद्योगहरुको नामै किटान गरिएको थियो । सञ्चारकर्मी रितेश त्रिपाठी संयोजकत्वको समितिको प्रतिवेदनमा नदि प्रदूषित बनाउनेमा औद्योगिक करिडोरका ४६ वटा उद्योगहरुको नाम किटान गरिएको थियो ।

# क्रिकेट खेलाडी शेखद्वयलाई वीरगंज महानगरद्वारा मोटरसाइकल प्रदान



***वीरगंज, चैत ।***

नेपाली पुरुष राष्ट्रिय क्रिकेट टिमका खेलाडीद्वय आशिफ र आरिफ शेखलाई वीरगंज महानगरपालिकाले मोटरसाइकल प्रदान गरेको छ । वीरगंज महानगरका मेयर राजेशमान सिंहले गरेको घोषणाअनुरुप शेखद्वयलाई शुक्रबार वीरगंजको पुरानो बसपार्कमा आयोजित एक भव्य कार्यक्रमका विच यामहा कम्पनिको एफजेड(एफआई मोटरसाइकल हस्तान्तरण गरिएको हो ।

चैत २ गते सम्पन्न आइसीसी क्रिकेट विश्वकप लिग २ को खेलमा यूएईविरुद्ध उत्कृष्टि प्रदर्शनी गर्दै नेपाललाई विश्वकम क्वालिफायरको छनोट खेलसम्म पुऱ्याउन महत्वपूर्ण पारी खेलेका ओपनिङ ब्याटर आसिफ शेख र अलराउण्डर आरिफ शेखलाई मेयर राजेशमान सिंहले सम्मान स्वरूप मोटरसाइकल प्रदान गर्ने घोषणा गरेका थिए ।

घोषणाअनुसार मेयर सिंहले आज कार्यक्रमका विच शेखद्वयलाई वीरगंजवासीको तर्फबाट नागरिक अभिनन्दन गर्दै दोशल्ला ओढाएर सम्मान पत्र प्रदान गर्नुका साथै मोटरसाइकलको साँचो हस्तान्तरण गरेका छन् ।

मोटरसाइकल हस्तान्तरण कार्यक्रममा मेयर सिंहले वीरगंजनिवासी शेखद्वयले प्रतियोगीतामा आकर्षक प्रदर्शनी गर्दै नेपाली क्रिकेट टोलीलाई ऐतिकासिक सफलता दिलाएको र वीरगंजवासीको शिर ठाडो पार्ने काम गरेको बताउँदै सम्मान र प्रोत्साहन स्वरूप मोटरसाइकल प्रदान गरिएको बताए । 'खुशी र गौरवको यस क्षणमा आगामि दिनमा अझ राम्रो प्रदर्शनको अपेक्षा राखदै दुवै खेलाडीलाई थप प्रोत्साहन र हौसला बढाउन महानगरपालिकाको तर्फबाट मोटरसाईकल सहयोग प्रदान गरेका छौं,' सिंहले भने ।

शेखद्वयले वीरगंजको मात्र नभएर देशकै नाम अन्तराष्ट्रिय जगतमा उँचो बनाएको सिंहले बताए । उनले भने, 'आशिफ र आरिफ नेपालकै गहना हुनुहुन्छ, उहाँहरुको साथामा सारा वीरगंजवासी छन् ।' उनीहरुलाई आगामी भविष्यका लागि शुभकामना दिँदै सिंहले वीरगंजमा खेल र खेलाडीको विकासका लागि हरेक सम्भव काम गर्न तयार रहेको बताए ।

त्यस्तै कार्यक्रममा इरानमा सम्पन्न १९ वर्ष मुनिको वर्ल्ड कबयी च्याम्पियनसिपमा नेपाललाई तेश्रो स्थान दिलाउन सफल राष्ट्रिय कबयी टिमका सदस्यद्वय वीरगंज निवासी दिपेन्द्र यादव र सागर यादवलाई पनि मेयर सिंहले सम्मानित गरे । यादवद्वयलाई दोशल्ला र कदरपत्रले सम्मानित गर्दै व्याक्तिग तर्फबाट दुवैलाई जनही २१/२१ हजार रुपैयाँ पनि प्रदान गरे । समारोहमा आसिफ र आरिफलाई वीरगंजमा प्रशिक्षण दिने जाहुर अन्सारी, क्रिकेटका वरिष्ठ प्रशिक्षक उमेश उपाध्याय, प्रशिक्षक प्रकाश शर्मालगायतलाई पनि सम्मानित गरिएको थियो । कार्यक्रममा वीरगंज महानगरका उपमेयर इम्तियाज आलम, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद पौडेल लगायतको पनि उपस्थिति रहेको मेयर सिंहका जनसम्पर्क सल्लाहकार नवराज फुयाँले जानकारी दिए । वीरगंज महानगरपालिका वडा नम्बर १२ निवासी आरिफ र आसिफ सहोदर भाई हुन् ।

# वीरगंज ५ मा सर्फ, झोल साबुन र हर्पिक बनाउने १ महिने तालिम सम्पन्न



***वीरगंज, चैत ।***

वीरगंज महानगरपालिका वडा नम्बर ५ मा १ महिनो सर्फ, झोल साबुन र हर्पिक बनाउने तालिम सम्पन्न भएको छ । सीप सिकौ, स्वरोजगार बनौं भन्ने अभियानअर्न्तगत वीरगंज महानगरपालिका वडा नम्बर ५ को सहयोगमा आमा समूह र नेपाल सीप विकास परामर्श केन्द्रको आयोजनामा तालिम सम्पन्न भएको हो। वडाका २५ जना महिलाले तालिमबाट प्रत्यक्ष लाभ लिएका छन्।

तालिमको समापन समारोहलाई सम्बोधन गर्दै वीरगंज महानगर प्रमुखका प्रेस सल्लाहकार महेश दासले तालिमबाट सिकेको सीपको उपयोग गर्न आग्रह गरे । सर्फ, झोल साबुन र हर्पिक सबैको घरघरमा आवश्यक सामान भएको हुँदा व्यवसायिक रुपमा अघि बढ्न पनि उनले सुझाव दिएका छन्।

वडाअध्यक्ष प्रदिप चौरसियाले महिलालाई स्वरोजगार र आत्मनिर्भर बनाउन सीपमुलक तालिमलाई निरन्तरता दिने बताए। तालिमको समापन समारोहमा वडा सदस्य मनोज साह, मञ्जु परियार, सन्जु दाहाल, वडा सचिव अरुण कुमार बस्नेत, आमा समूहकी अध्यक्ष जुली श्रेष्ठ, प्रशिक्षक बिपिन कुमार उपाध्याय लगायतको उपस्थिती रहेको थियो ।

# ड्राइपोर्टमा चल्यो महानगरको डोजर, ४ वटा पक्कि भवनसहित १७ घर टहरा हटाइयो



***वीरगंज, चैत ।***

सार्वजनिक जग्गा अतिक्रमण गरेर विभिन्न व्यक्तिले निर्माण गरेका संरचना शुक्रबार वीरगंज महानगरपालिकाले हटाएको छ । महानगरको वडा नम्बर २५ ड्राइपोर्ट चोक नजिकै करिब १७ कट्ठा जग्गा अतिक्रमण गरी निर्माण गरिएका पक्कि तथा कच्चि भवनहरु महानगरले डोजर लगाएर हटाइएको हो । महानगर प्रमुख राजेशमान सिंहको निर्देशनअनुसार गएको टोलीले अतिक्रमित जग्गामा बनेको ४ वटा पक्की भवन र १७ वटा घर टहरा डोजर लगाएर हटाएको महानगरका प्रशासन प्रमुख राजकृष्ण ताम्राकारले जानकारी दिए । केही व्यक्तिले वर्षौंदेखि जग्गा अतिक्रमण गरेर व्यक्तिगत रुपमा प्रयोग गरिरहेको जानकारी पाए लगत्तै नक्सा सहित पुगेको महानगरको टोलीले नापजाँच गरेर सार्वजनिक जग्गा अतिक्रमित गरेर बनेका संरचना हटाएको हो ।

अतिक्रमण हटाउने क्रममा अतिक्रमणकारीहरुले अवरोध गर्न खोजे पछि जिल्ला प्रहरी कार्यालयसँगको समन्वयमा प्रहरी पुगेपछि अतिक्रमण सहज रुपमा हटाइएको थियो । महानगरपालिकाले ३२ वटै वडामा अतिक्रमणमा परेका सार्वजनिक तथा ऐलानी जग्गा खोजी गर्न भौतिक पुर्वाधार अतिक्रण खाली गर्ने समिति नै बनाएर काम अघि बढाएको छ । अहिले सार्वजनिक तथा ऐलानी जग्गा खोजी अभियान चलाइएको बताउनुहुँदै महानगरप्रमुख सिंहले कहीँकतै अतिक्रमण भएको सूचना भए आफूलाई जानकारी दिन आग्रह गरेका छन् । आफूहरु सार्वजनिक जग्गा संरक्षणमा कटिबद्ध भएर लागेको भन्दै यसमा सबैको सहयोग जरुरी रहेको पनि बताए । महानगरले गएको फागुनमा मात्रै वडा नम्बर १९ मा करिब १६ विघा र वडा नम्बर २४ सिर्सिया पुल नजिक २ कट्ठा १० धुर जग्गा अतिक्रमण मुक्त गराइसकेको छ ।

चिल्ड्रेन पार्कको अतिक्रमण हटाउने काम चलिरहेको

बाँकी तेश्रो पृष्ठमा

## वीरगंज महानगरपालिकाको अपिल

- गर्मीयाम शुरु भएसँगै झाडा पखाला, वान्ता, आउँ, जण्डिस, टाईफाइड लगायतका रोगको जोखिम बढीहुनेहुदा व्यक्तिगत सरसफाई र जनस्वास्थ्यको मापदण्डका पालना गरौं ।
- बासी सढेगलेका खानेकुरा नखाऔं ।
- खानालाई सधैं छोपेर राखौं ।
- काचै खान मिल्ने फलफुल र तरकारीको सफा संग धोएर मात्र खाऔं ।
- खाना खानु अघि र पछि तथा शौचालयको प्रयोग गरेपछि अनिवार्य साबुन पनीले मिचि मिचि हात धुने बानी बसालौं ।
- आफ्नो घर वरपर सफा राखौं, रोग लाग्नबाट बचौं ।

वीरगंज महानगरपालिका कार्यालय
आदर्शनगर, वीरगंज




## फोटो क्याप्सन



वीरगंजको माइस्थानस्थित गहवामाई मन्दिरमा रामनवमीको अवसरमा आयोजित महाआरतीमा ऐतिहासिक भिड । **फोटा :- सौजन्य**

# सिर्सिया नदीलाई प्रदूषित गर्ने पाँच उद्योगलाई कारवाही, १५ लाख जरिवाना

***वीरगंज, चैत ।***



वीरगंज महानगरपालिकाले सिर्सिया नदी प्रदूषित गर्ने वीरगंजका पाँच वटा उद्योगलाई कारबाही गरि १५ लाख रुपैयाँ जरीवाना गरेको छ । महानगरपालिकाले वीरगंज( पथलैया औद्योगिक कोरिडोरमा रहेका पाँच वटा उद्योगलाई जनही ३/३ लाख रुपैयाँको दरले १५ लाख रुपैयाँ जरीवाना गरेको हो । महानगरले वीरगंज महानगरपालिका वडा नम्बर २१ मा अवस्थित ग्लोबल लेदर उद्योग प्रालि, अर्निका प्रोसेसिङ उद्योग प्रालि, श्रीसिधी टेक्सटायल्स प्रालि, मोरियम लेदर उद्योग प्रालि र वडा नम्बर ३२ मा अवस्थित दूर्गा पल्प एण्ड पेपर प्रालिलाई ३/३ लाखका दरले जरीवाना गरेको हो ।

नदि प्रदूषित गरेका पाँच वटै उद्योगलाई मंगलबार पत्रचार गर्दै ७ दिनभित्र जरीवानामा तोकिएको रकम महानगरपालिकाको कार्यालयमा बुझाउन निर्देशन दिइएको महानगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद पौडेलले जानकारी दिए । ७ दिनभित्र जरीवाना बापतको रकम नबुझाएमा प्रचलित कानुन अनुसार उद्योगहरुविरुद्ध थप कारबाहीको प्रकृया अगाडि बढाइने महानगरको पत्रमा उल्लेखछ । वीरगंज महानगरपालिकाको वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन २०७७ को दफा ३७ अनुसार नदि प्रदूषित गर्ने ५ उद्योगहरुलाई कारबाही स्वरुप जरिवाना गरिएको पौडेलले बताए । यसअघि महानगगरले गत फागुन १६ गते उद्योगहरुबाट निस्केको छाई सिर्सिया नदीमा फाल्ने ३ वटा ट्याक्टरलाई पनि नियन्त्रणमा लिएर १/१ हजार रुपैयाँ जरिबाना तिराएको थियो । करिब तीन दशकदेखि प्रदूषणको चपेटामा परेको वीरगंज शहरको लाइफलाइनकै रुपमा रहेको सिर्सिया नदिलाई प्रदूषणमूक्त बनाउन महानगरपालिकाले विगत दुई महिना यता अभियान चलाईरहेको छ ।

उक्त अभियानअन्तर्गत नै महानगरले उपमेयरको संयोजकत्वमा गठन गरेको सिर्सिया नदी प्रदूषण नियन्त्रण समितिले पटक पटक अनुगमन गरेको थियो । अनुगमनका क्रममा नदी तटमा रहेका उद्योगहरुले त्यहाँबाट निस्कने फोहोर (रसायनयुक्त फोहोर पानी, छालाको लेदो, कोइलाको छाई लगायतका वस्तु) सिधै नदिमा फाल्दै आएको भेटिएको थियो । त्यसपछि फागुन ३ मा बसेको समितिको बैठकले नदी प्रदूषण गर्ने उद्योगहरुलाई कारबाही गर्ने निर्णय गरेको थियो ।

त्यहि निर्णय अनुसार महानगरले अहिले जरिवानामा परेका तीनै ५ उद्योगलाई पत्र पठाएर नदि प्रदूषण नगर्न चेतावनी पनि दिएको थियो । महानगरले लिखित रुपमै चेतावनी दिँदा समेत अटेरी गरि

बाँकी तेश्रो पृष्ठमा

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आदर्शनगर - १०, वीरगंज
०५१ ५२२८०२ । ५२२८०३
info@birgunjmun.gov.np | ito.birgunjmun@gmail.com
www.birgunjmun.gov.np